१६० औं बैठक

आज मिति २०८२/१२/०६ गते बिहान ११:०० बजे यस मेलौली नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री भिम बहादुर चन्दज्यूको अध्यक्षतामा बसी तपसिल बमोजिमको उपस्थितिमा निम्न बमोजिमका प्रस्तावहरु माथि छलफल गरी देहाय बमोजिमका निर्णयहरु पारीत गरीए ।

तपसिलः

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भिम बहादुर चन्द | नगर प्रमुख | |
| २ | श्री पार्वती बोहरा (विष्ट) | नगर उपप्रमुख | |
| ३ | श्री शरद सिंह नेगी | १ नं. वडा अध्यक्ष | [illegible] |
| ४ | श्री कृष्ण दत्त भट्ट | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री गगन सिंह भाट | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री हर्क बहादुर चन्द | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री भरत सिंह पुजारा | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री तारा दत्त भट्ट | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री राम चन्द्र भट्ट | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री तपेन्द्र सिंह विष्ट | ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री लोक राज भट्ट | ९ नं. वडा अध्यक्ष | |
| १२ | श्री नन्दा ओझा (भट्ट) | कार्यपालिका सदस्य | |
| १३ | श्री मानमति कामी | कार्यपालिका सदस्य | |
| १४ | श्री धाना चन्द | कार्यपालिका सदस्य | |
| १५ | श्री पार्वती भट्ट (ओझा) | कार्यपालिका सदस्य | |
| १६ | श्री धाना तिरुवा (वि.क.) | कार्यपालिका सदस्य | |
| १७ | श्री बिजय पोखरेल | कार्यपालिका सदस्य | |
| १८ | श्री सुरेश परियार | कार्यपालिका सदस्य | |
| १९ | श्री धरम सिंह दयाल | कार्यपालिका सदस्य | |
| २० | श्री दल बहादुर धामी | सदस्य सचिव | |

**प्रस्तावहरुः**

प्रस्ताव नं. १. सडक बोर्ड नेपालबाट विनियोजित सडक मर्मत बजेट सम्बन्धमा ।

प्रस्ताव नं. २. इलाका प्रशासन कार्यालयको भवन तोक्ने सम्बन्धमा ।

प्रस्ताव नं. ३. स्वास्थ्य संस्था भवन सम्बन्धमा ।

प्रस्ताव नं. ४. ठेक्का म्याद थप सम्बन्धमा ।

प्रस्ताव नं. ५. विदा स्वीकृत सम्वन्धमा ।

प्रस्ताव नं. ६. विविध सम्बन्धमा ।

निर्णयहरुः

निर्णय नं. १. प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा सडक बोर्ड नेपालबाट यस मेलौली नगरपालिकामा विनियोजित बजेटबाट तपसिलबमोजिमको रकम वडागत रुपमा खर्च हुने गरी कार्यान्वयन गराउने निर्णय पारित गरियो ।

तपसिलः

| वडा नं. | सडकको नाम | रकम रु | कैफियत |
|---|---|---|---|
| १ | घरेलु जर्कु नडरौ सडक | १००००००।०० | |
| २ | रौतगाउँ समैजी सडक, सलेना दुर्गास्थान स्याडी | ५००००००।०० | |
| ३ | पेल्या ढणौन सडक मर्मत | ५००००००।०० | |
| ४ | नेटाखान तितावै सडक | ५५०००००।०० | |
| | खलिगाड तितावै सडक खण्ड मेनपा ४ | १००००००।०० | |
| ८ | जमाडी गैरी सडक | ४००००००।०० | |
| ९ | हरडाखान कोल्तडी सडकको कान्तिपुर रिङरोड वडा कार्यालय पोइन्ट देखि रोडामाण्डौ सम्मको सडक खण्ड स्तरवृद्धी | ८००००००।०० | |
| | जम्मा | ४५५०००००।०० | |

निर्णय नं. २. प्रस्ताव नं. २ माथि आवश्यक छलफल गर्दा तत्काललाई ईलाका प्रशासन कार्यालय मेलौलीको कार्यालय मेलौली नगरपालिका वडा नं. १ मा रहेको घरेलुको भवनमा व्यवस्थापन गरी सेवा प्रवाह गराउने र भविष्यमा कार्यालयको आफ्नै भवन निर्माणका लागि समेत सोही वडामा जग्गा व्यवस्थापन का लागि पहल गर्ने निर्णय सर्वसम्मतिमा पारित गरियो ।

निर्णय नं. ३. प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा देहाय बमोजिम गर्ने निर्णय पारित गरियो ।

देहायः

(क) यस मेलौली नगरपालिका वडा नं. ७, कोंडा स्थित केशरपुर प्राथमिक स्वास्थ्य केन्द्रलाई नगरस्तरीय १५ शैया आधारभूत अस्पतालमा स्तरोन्नती गर्न प्रकृया थालनी एवम् आवश्यक बजेट व्यवस्थापनका लागि नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाण्डौलाई अनुरोध गर्ने ।

(ख) मेलौली नगरपालिका वडा नं. १ स्थित जर्कुमा आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण कार्यको लागि संघीय सरकार, ससर्त अनुदान अन्तर्गत रु. ३८,००,०००।- विनियोजन भई आएको हुँदा ठेक्का प्रकृयामा जाँदा समय अभाव भई रकम फ्रिज हुने सम्भावना भएको हुँदा उक्त कार्यलाई उपभोक्ता समिति मार्फत यथाशिघ्र कार्यान्वयन गराउन प्रमुख प्रशासकीय अधिकृत लाई निर्देशन दिने ।

निर्णय नं. ४. प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिकासंग ठेक्का सम्झौता भई विविध कारणबस तोकीएको समयभित्र कार्य सम्पन्न हुन नसकेको ठेक्काको म्याद तपसिल बमोजिम थप गर्ने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

**तपसिलः**

| ठेक्का नं. | ठेक्काको नाम | म्याद थप अवधि |
|---|---|---|
| 02/NCB/CB/2080/081 | Construction Of Multistory School Building Jagdamba Mabi Hataranga | २०८२ चैत्र ३० सम्म |

**निर्णय नं. ५.** प्रस्ताव नं. ५ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिकामा रोजगार संयोजक पदमा कार्यरत श्री सन्ध्या जोशीको श्रीमानको रुसमा निधन भएकोमा क्षतिपुर्ति सम्वन्धी कार्यको लागि रुस जानुपर्ने भएकाले निजले विदा माग गरेको हुँदा तिन महिनाको वेतलवी विदा स्वीकृत गर्ने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।